# आर्थिक ऐन २०७५ ले करदाताहरू लाई आय कर तथा मूल्य अभिबृद्धि करमा शुल्क, ब्याज, जरिवाना तथा दस्तुर मिन्हाको सम्बन्धमा गरेका व्यवस्थाहरू

१. **करको दायरामा आउनेलाई शुल्क तथा ब्याज मिन्हा :**

विगतमा स्थायी लेखा नम्बर नलिई कर लाग्ने आय आर्जन गर्ने व्यक्ति (प्राकृतिक व्यक्ति तथा प्रोप्राइटरशिप/ साझेदारी फर्म/कम्पनी जस्ता निकाय) ले त्यसरी आर्जित आयमा कर नबुझाएको भए २०७५ साल पौष मसान्तसम्म स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७१/७२, २०७२/७३ र २०७३/७४ को बुझाउनुपर्ने आय विवरण र **सोमा लाग्ने कर बुझाएमा सो बापत लाग्ने शुल्क तथा ब्याज मिन्हा हुने र सो भन्दा अघिका आर्थिक वर्षहरूको आय विवरण र सोमा लाग्ने कर शुल्क तथा ब्याज समेत मिन्हा हुने ।**

२. **आय बिवरण बुझाउने करदातालाई कर, शुल्क तथा ब्याज मिन्हा :**

स्थायी लेखा नम्बर लिई कारोबार गरी रहेका तर आर्थिक वर्ष २०७२/७३ वा सो भन्दा अघिसम्मको आय विवरण पेश नगर्ने प्राकृतिक व्यक्ति (प्राकृतिक व्यक्ति, प्रोप्राइटर शिप फर्म मात्र) ले आर्थिक वर्ष २०७१/७२ र २०७२/७३ को **आय विवरण र सोमा लाग्ने आयकर २०७५ साल पौष मसान्तसम्म बुझाएमा सो भन्दा अघिका वर्षहरूको आय विवरण पेश गर्नु नपर्ने र सोमा लाग्ने कर, शुल्क तथा ब्याज समेत मिन्हा हुनेछ ।**

३. **मूल्य अभिबृद्धि कर विवरण बुझाउने करदातालाई जरिवाना, थप दस्तुर र ब्याज मिन्हा:**

सम्बत् २०७४ साल असार मसान्तसम्मको मूल्यअभिबृद्धि कर विवरण पेश नगर्ने मूल्य अभिबृद्धि करमा दर्ता भएका कुनै पनि करदाताले आफूले **बुझाउनु पर्ने कर विवरण र मूल्य अभिबृद्धि कर रकम** सम्बत् **२०७५ साल पौष मसान्त भित्र** बुझाएमा **सोमा लाग्ने जरिवाना, थप दस्तुर र ब्याज मिन्हा हुनेछ** ।

तर उक्त अवधी भित्र पनि यो सुबिधा उपयोग नगर्ने करदाता मध्ये सम्बत् २०७१ साल असारसम्मको वा सो भन्दा अघिदेखि कर विवरण पेश नगर्ने करदताहरूको कार्यालयबाट दर्ता खारेज गरिने । (*बक्यौता अवधिको* ***कर निर्धारण गरी बक्यौता कायम गरिने छ । यसले ठूलो दायित्व खडा हुनसक्ने*** *र सरकारले सरकारी बाँकी सरह रकम असुल गर्ने ।*)

४. **<u>शिक्षण संस्थाले संचालन गरेका चमेना गृह र छात्रावास सेवा तथा धितोपत्र दलाल सेवामा मूल्य अभिबृद्धि कर मिन्हा सम्बन्धी विशेष व्यवस्था :</u>**

निजी क्षेत्रबाट संचालित शिक्षण संस्थाले सोही संस्थाको प्रयोजनको लागि स्वयंले संचालन गरेका चमेना गृह (क्यान्टिन) र छात्रावास (होस्टेल) सेवा तथा धितोपत्र दलाल सेवामा मूल्य अभिबृद्धि कर लाग्ने व्यवस्थालाई खारेज गरी यस सम्बन्धमा कर निर्धारण भई तिर्न बुझाउन बाँकी रहेको मूल्य अभिबृद्धि कर र सोमा लागेको जरिवाना, थप दस्तुर र व्याज मिन्हा भएको ।

५. **<u>सामाजिक संस्थाहरूलाई लाग्ने कर, जरिवाना, थप दस्तुर, शुल्क तथा ब्याज मिन्हा</u> :**

संस्था दर्ता ऐन २०३४ बमोजिम दर्ता भएका सामाजिक संस्थाहरूले आर्थिक वर्ष २०७४/७५ को आय विवरण तथा सो अनुसार लाग्ने कर सम्बत् **<u>२०७५ साल पौष मसान्त भित्र</u>** बुझाएमा त्यस्ता संस्थाले आर्थिक वर्ष २०७४/७५ भन्दा अघिका वर्षहरूको कुनै पनि किसिमको विवरण, कर, जरिवाना, थप दस्तुर, शुल्क तथा व्याज बुझाउनु पर्ने छैन ।" ***(यो व्यवस्था अनुसार हरेक जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघ, बस्तुगत संघ, द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरूले आफ्नो संस्थाको आय विवरण पेश गरी संस्थाको नविकरण अद्यावधिक गराउन हुन समेत अनुरोधछ ।)***